# आर्थिक वर्ष २०७६/०७७
# को
# बजेट बक्तव्य

## जैमिनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, कुश्मिसेरा, बगलुङ, नेपाल
## २०७६

# नगर सभा बैठकमा २०७६ साल असार १० गते मंगलबार
# उप प्रमुख श्री लिला रानाले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्य

## जैमिनीनगरपालिका,नगरकार्यपालिकाको कार्यालय
## कुश्मिसेरा, बागलुङ

## आदरणीय नगरप्रमुख ज्यु ,
## नगर सभा सदस्यज्यूहरु

संविधान कार्यान्वयनका क्रममा भएको निर्वाचन प्रक्रियाद्वारा निर्वाचित भई राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दीगो शान्ति, सुशासन साथै यस क्षेत्रको विकास र समृद्धिको लागि जैमिनी नगरपालिकाको तेस्रो बजेट प्रस्तुत गर्न यस गरिमामय नगरसभामा सम्बोधनको लागि उपस्थित हुन पाउँदा गौरव महशुस गरेको छु ।

राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजीविका प्राप्तिको आन्दोलनमा विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रिय स्वाधीनता, स्वाभिमान, लोकतन्त्र, संघीयता, जनजीविका, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेताहरु, नागरिक समाज, सञ्चार जगत र सहभागि जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै वधाई र धन्यवाद व्यक्त गर्दछु ।

संविधान सभाबाट संविधान जारी गर्ने नेपाली जनताको करिब साढे छ दशक लामो चाहना २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएसँगै पुरा भएको छ । संविधानले नेपाललाई एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, समावशी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा स्थापित गरेको छ । मौलिक हक, प्रेस स्वतन्त्रता, जनतन्त्र तथा जनजीविकाको अधिकारहरु संविधानले प्रस्तावनाबाटै आत्मसात गरेको छ । नेपालको संविधानले संघीय शासन व्यवस्था अन्तरगत राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीन वटै तहको एकल तथा साझा अधिकार किटान गरेको छ। तीनवटै तहका सरकाले संविधान र कानूनको सीमाभित्र रही स्वतन्त्र रुपमा अधिकारको प्रयोग गर्ने अवसर पाएका छन ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था रहेको छ । यी तीन वटै तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ । स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ जारी भई कार्यान्वयनमा रहेको छ । स्थानीय तहमा जनप्रतिनिधिको वहालीसँगै संविधानमा व्यवस्था भएको संघीय लोकतान्त्रिक गणतन्त्र र संघीयताको कार्यान्वयन गर्दै स्थानीय सरकार संचालन गर्नुपर्ने अभिभारा जनप्रतिनिधि उपर

आएको छ । साथै लोकतान्त्रिक, समावेशी, जवाफदेही, पारदर्शी र प्रभावकारी स्थानीय शासनको अनुभूति जनतालाई गराउने दायित्व पनि निर्वाचित जनप्रतिनिधिमा रहेको छ । यसै सन्दर्भमा आगामी आर्थिक वर्ष २०७६/०७७ को लागि स्थानीय सरकारको रुपमा नगरसभामा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।

लामो संघर्ष पछि नेपाली जनताको चाहना अनुरुप संघीय स्वरुपको समावेशी जनप्रतिनिधिमूलक राज्य प्रणाली स्थापना भएको छ। स्थानीय तहका निर्वाचनबाट लोकतान्त्रिक शासन प्रणाली संस्थागत भएको छ । स्थानीय सरकारलाई राज्यका सम्पूर्ण स्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र समृद्धिको यात्रामा अविचलित रुपमा अगाडी वढ्न उत्प्रेरणा मिलेको छ ।

स्थानीय सरकार **“सम्मृद्ध जैमिनी, सुखी जैमिनी नगरवासी”** बनाउने दीर्घकालिन उद्धेस्य अनुरुप आर्थिक, सामाजिक एबं लैंगिक समानता तथा सामाजिक समाबेशीकरण समेतको विकासको मौलिक ढाँचामा अघि वढिरहेको छ । उच्च आर्थिक बृद्धिसँगै त्यसको न्यायपूर्ण वितरणबाट सर्वाङ्गिण विकास हासिल गर्न सकिने यस जैमिनी नगरको लक्ष्य रहेको छ । सवै जैमिनीबासी नागरिकका लागि मर्यादित काम स्वच्छ खानेपानी, न्यूनतम खाद्य सुरक्षा, आधारभूत स्वास्थ्य, शिक्षा र सुरक्षित आवास जस्ता अत्यावश्यक आवश्यकताको परिपूर्ति नै हाम्रो समाजवाद तर्फको यात्राको प्रस्थान विन्दु हुनेछ ।

आगामी आर्थिक वर्ष २०७६/७७ को बजेट तर्जुमा गर्दा मैले जैमिनी नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता अनुसार चालु आवधिक योजना, दीगो विकास लक्ष्य, जैमिनी नगरसभाका सदस्यहरुले दिनुभएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु। राजनीतिक दल, संघसंस्था, विद्धतवर्ग, नागरिक समाज , कर्मचारी, शिक्षक तथा आम नगरवासी दिदी वहिनी दाजुभाईहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएको छु ।

## बजेटको लक्ष्य :-

स्थानीय स्रोत र साधनको अधिकतम परिचालन सहि सदुपयोग र आम जनसहभागिताको माध्यमबाट दीगो विकासमा जोड दिदै गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने ।

## बजेटको उद्धेस्य :-

- आर्थिक विकास (पर्यटन प्रबर्धन, कृषि तथा पशु नमुना फार्म, लघु उधमको प्रबर्धन समेतका) तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
- समग्र नगर क्षेत्रको समानुपातिक र सन्तुलित विकासमा सहयोग पुऱ्याउने ।
- स्थानीय स्रोत र साधनको प्रयोग र जनसहभागिताको परिचालनबाट दीगो र वातावरणमैत्री विकासमा सहयोग पुऱ्याउने ।

- रोजगारी र स्वरोजगारको विभिन्न अवसर सृजना गरी सम्वृद्धि तर्फ उन्मुख गराउने ।
- आय आर्जन, सिप विकास क्षमता अभिबृधि एबं ज्ञान आर्जन जस्ता बिषयगत तालिम कार्यक्रम संचालन गरि क्षमताको विकाश गरि दक्ष जनशक्ति निर्माण गर्ने ।
- सामाजिक समावेशीकरणको माध्यमबाट आर्थिक, सामाजिक क्षेत्रको विकासमा सहयोग पुऱ्याउने ।
- राज्यबाट विभेदमा पारिएका महिला, बालवालिका, जेष्ठ नागरिक, एकल महिला, फरक क्षमता, आदीवासी, जनजाती, दलित, अल्पसंख्यक, लोपोन्मुख समुदायलाई आर्थिक तथा सामाजिक विकासको मूलप्रवाहमा समाहित गर्ने ।
- स्रोत र साधनको समुचित प्रयोगबाट सन्तुलित विकासमा जोड दिने ।
- उद्यमशीलताको प्रवर्द्धन गरी आर्थिक अवस्थामा सुधार ल्याउने ।
- गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम र उच्च प्रकारको जनशक्ति उत्पादन गर्ने ।
  नगरपालिकाको आफ्नै भबन एबं वडा कार्यालय र बिषयगत क्षेत्र समेतका भबन निर्माण गरि नागरिकलाई शुलभ सेवा पुर्याउने ।

**बजेटका अपेक्षित उपलब्धीहरु :-**

१ कुश्मिसेरा बजारदेखि जैनपा १ कुश्मिसेराकै टूनिबोट सम्म झन्डै २८०० मिटर सडक कालोपत्रे भैसक्के अबस्थामा पुगेको छ र बाकी कोरिडोर सम्म जोडिने बानपा १३ अमलाचौर सरंगीसम्मको सडक खण्डलाई आगामी वर्ष कालोपत्रे गरिएको हुनेछ ।

२ प्रदेश सरकारको योजनामा परेका सडकलाई दोहोरो पर्ने गरी नगरपालिकावाट रकम विनियोजन नगर्ने नीति लिइनेछ ।

३ जैनपा अन्तर्गत विभिन्न वार्डका तत्काल आबश्यक स्थानमा नाली, ढलान ,सोलिंग एबं ग्राभेलका काम भएको र बाकि आबश्यक स्थानमा आगामी वर्ष थप बृद्धि गरिने छ ।

४ नगरपालिकाको केन्द्र विन्दु कुस्मीसेरा बजारमा पक्की नाली र कालोपत्रे युक्त सडक निर्माण भएको हुनेछ ।

५ नगरका वडाकेन्द्रमा कम्तीमा सुविधाजनक सडकहरु पुगेका हुनेछन र वाह्रै महिना सहज यातायात सेवा संचालन भएको हुनेछ ।

६ चालु आव मा संचालन गरिएको दिगो सडक विकास कार्यक्रमलाई थप प्रभावकारी वनाइनेछ ।

७ नगरपालिकाको गुरुयोजना निर्माण गर्ने कार्यलाई यस वर्ष सम्पन्न गरिनेछ ।

८ नगरपालिकाका महत्वपूर्ण सडक र अन्य आयोजनाको डिपिआर गर्न प्राथमिकता दिइनेछ।

९ जैमिनी नगर प्रवेश गर्ने मुख्य नाकाहरुमा छुट्टै तथा विशेष पहिचान झल्कने क्रियाकलापहरु संचालन गरी जैमिनीको पहिचान दिलाईनेछ ।

१० यस पालिकामा रहेको घना वन क्षेत्र (पुरानो गाँउ) मा चिडियाखानाको सम्भाव्यता अध्यन गरिने छ ।

११ हरेक वडामा एक वडा एक उत्पादन कार्यक्रमको शुरुवात भएको छ, यस क्रमलाई थप विस्तार गरिनेछ । साथै एक वडा २ प्राविधिकको व्यवस्था भएको हुने छ ।

१२ नगरका केही वडाहरुमा बाहेक नगरबाट जाने मुख्य सडकहरुमा कम्तिमा केही मि.पक्कि नाली, सोलिंग र ढलान सडक निर्माण भएका छन र आगामी आ.व.मा सबै वडाहरुमा नाली, ढलान सोलिंग, ग्याबिनका कामहरुमा यथोचित ढंगले बृधी भएको हुनेछ।

१३ जैमिनी नगरपालिका भित्रका वडाहरुमा व्यक्तिगत तथा व्यवशायिक कृषि तथा पशुपालन गर्ने कृषकको संख्या वढेको हुनेछ ।

१४ कृषकबाट उत्पादित दुध, दहि, घ्यु, मासुजन्य फर्महरु व्यवस्थित भएका हुनेछन । बाख्रा पकेट र बंगुर पकेट क्षेत्र थप ब्यबस्थित भएका हुनेछन ।

१५ कृषि क्षेत्र क्रमशः व्यवशायिक र आधुनिकता तर्फ उन्मुख हुंदै मौरी, सुन्तला, लप्सी, अलैंची, आलु, केरा, टिमुर, च्याउ, लगायतका नगदेवालीको प्रवर्द्धन भएको हुनेछ । मकै, धान, कोदो, गहुं जस्ता मुख्य वालीहरुको संरक्षण गर्दै उत्पादनमा जोड दिईएको हुनेछ ।

१६ उत्पादित कृषि तथा पशुजन्य वस्तुहरुको विक्रि वितरणको लागि नगरस्तरमा विक्रिका लागि कोल्ड स्टोर, चिलिम भ्याट तथा संचय केन्द्र स्थापना भएको हुनेछ ।

१७ कृषि सडकलाई क्रिप (CRIP – Climate Resilience Improvement Project) परियोजना अन्तर्गत स्तरउन्नति गर्ने कार्यको सुरुवात भएको हुनेछ ।

१८ कृषि, पशु र पर्यटन क्षेत्रबाट उत्कृष्ट कार्य गरी रोजगारी प्रदान गर्न सक्ने उद्यमी कृषकलाई पुरस्कृत भएको हुनेछन ।

१९ कृषि पशु र पर्यटन जस्ता प्राविधिक क्षेत्रमा स्नातक गरेका ४० वर्ष भित्रका युवा (हरु) ले नगर क्षेत्रमा सामुहिक वा व्यक्तिगत रुपमा एकाघर वाहिरका कम्तिमा ५ जनालाई रोजगारीदिने गरी संचालन गर्ने व्यवसायिक खेती वा व्यवसायलाईनगद अनुदान पाएका हुनेछन् ।

२० कृषि र पशुपालनको क्षेत्रमा नमुना फर्महरु संचालनमा ल्याई रोजगारी तथा स्वरोजगारको अवसर सृजना भई वैदेशिक रोजगारीमा जाने युवाहरु आर्कषित गर्न सहयोग पुग्नेछ । साथै वैदेशिक रोजगारीमा प्राप्त विप्रेषण आयलाई यस क्षेत्रमा लगानी गर्न सहयोग पुग्नेछ ।

२१ पहाडवाट भित्री मधेश तथा तराईतिर बसाईसराई जाने कार्यमा कमी आउनेछ ।

२२ शिक्षा क्षेत्रको सुधारका लागि विद्यालय पुरस्कृत गर्ने गत वर्षको नीतिलाई यथावत राखिनेछ । विद्यार्थीको सिकाइ उपलब्धी मापनलाई कक्षा ३ कक्षा ५ र कक्षा ८ मा गरी तीन चरणमा नगरस्तरमा संचालन गरिएको हुनेछ । गणित विज्ञान र अँग्रेजी विषयमा विद्यार्थी संख्याको अनुपातमा धेरै विद्यार्थी एसइइको परीक्षामा वि प्लस वा सो भन्दा

माथीको ग्रेड सहित सफल गराइ उत्कृष्ट नतिजा ल्याउन सफल हुने प्रत्येक विषयका २-२ जना गरी शिक्षक छ जना र यी तीन विषयमा उत्कृष्ट नतिजा ल्याउने ३ जना विद्यार्थीलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

२३ नगरस्तरीय उद्योग ग्रामको लागि जग्गा प्राप्त भैसकेको छ ,अन्य आवश्यक पूर्वाधारहरु पहिचान गर्दै थप कार्य अगाडी बढाउने काम आगामी बर्षमा अगाडी बढेको हुने छ ।

२४ नगरका रमणीय स्थानहरु आन्तरिक तथा वाह्य पर्यटकको आगमनको शुरुवात हुने । जैमिनीधाम, कोट, देविस्थान, थन्थापि माई, पुरानोगाउ, गाईधुने, हाडिकोट, रुद्रताल, गाजाधुरी, कमलजैसी, गणेश मन्दिर हात्ती ढुंगा ,शालिकग्राम क्षेत्र राधाकृष्ण मन्दिर लगायतका क्षेत्रमा धार्मिक तथा पर्यटकीय क्षेत्रको विकासका लागि पर्यटकीय गुरुयोजना बमोजिम पूर्वाधारहरुको निर्माण शुरु गरिएका छन, आगामी बर्षमा थप विस्तार हुने छन्।

२५ जैमिनि पर्यटकीय चक्रपथ निर्माणलाइ प्राथमिकता दिइनेछ ।

२६ यस आ.व मा आन्तरिक तथा बाह्य पर्यटक भित्राइ आय आर्जनमा बृद्धि ,स्थानीय उत्पादनमा जोड तथा सस्कृति संरक्षण एबं सम्बर्धनका लागि एक निजि र पाच सामुदायिक होमस्टे दर्ता भइ संचालन मा आएका छन, संचालनमा आएकालाई थप ब्यबस्थित र नयाँ दर्ताका लागि प्रोत्सहित भइ प्रभावकारी रुपमा संचालन मा आएका हुने छन् ।

२७ यस पालिकामा भएका जडिवुटिहरुको पहिचान गरि सदुपयोगमा ल्याइएको हुनेछ ।

२८ तामाखानी, ढुङ्गाखानी लगायतको संघ सरकारको समन्वयमा पुनः उत्खननका लागि पहल गरिएको हुनेछ ।

२९ सहकारी र वित्तीय क्षेत्रबाट वचत संकलन र ससानो पुजी लगानीको अवसर सृजना भई रोजगारीलाई सहयोग पुग्नेछ । सरल र सस्तो रुपमा कर्जा प्रवाह गर्ने प्रणालीको विकास भएको हुनेछ ।

३० सवैको लागि शिक्षा, अनिवार्य आवश्यकताको रुपमा अगाडी वढ्नेछ । सवै बालवालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर मिल्नेछ । कुनै पनि वालवालिकालाई शिक्षाको अवसरबाट वन्चित भएको हुनेछैन ।

३१ विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गरि विधालयहरु ब्यबस्थापन भएको हुनेछ।

३२ सवै नागरिकहरुलाई पोषणयुक्त खानेकुरामा चेतना अभिबृद्धि भई व्यवहारिक प्रयोग वढेको पाईनेछ ।

३३ नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, वालमृत्युदरलाई घटाई औषत आयु वढाउन सहयोग पुगेको हुनेछ, दुर्गम वडाहरुमा स्वास्थ्य शिविर, योग शिविर संचालन भएका हुनेछन ।

३४ स्वास्थ्य क्षेत्रको थप प्रवर्धनका लागि औषधी तथा अत्यावस्यक सामाग्रीको ब्यवस्था गरिनेछ। महामारी फैलन नदिन शतर्कता अपनाउँदै आवस्यक तयारी गरिनेछ।

३५ स्वास्थ्य संस्थाहरुमा न्यूनतम आवश्यकताका औषधीहरु सहजै उपलब्ध हुनेछन ।

३६ नगरका सवै वडाहरुमा खानेपानीको न्यूनतम सुविधा उपलब्ध भएको हुनेछ । सवै नागरिकमा सरसफाईको चेतना विकसित भई व्यवहारमा प्रयोग गरेका हुनेछन । घर आँगन, टोल छिमेकमा सरसफाई अभियान तिव्रताका साथ बढेको हुनेछ ।

३७ नगरभित्र रहेका कला संस्कृतिको संरक्षण र सम्बर्द्धन भएको महशुस गरिनेछ ।

३८ लैंगिक समानता र सामाजिक समावेशिकरणको माध्यमबाट समाजको सन्तुलित विकासमा विशेष योगदान पुगेको अनुभूति गरिनेछ ।

३९ नगर तथा वडा स्तरीय खेलमैदानलाई थप सुदृढ गरिएको हुनेछ ।

४० प्रमुख सडकहरुमा मोटरेवल पुल निर्माण गर्ने स्थान पहिचान गरी प्रारम्भिक सर्भेक्षणका लागि आवश्यक आधार तयार भएको हुनेछ ।

४१ नगरका मुख्य खोलामा झोलुङ्गेपुल निर्माणको आवश्यकता पहिचान गरी प्राथमिकताको आधारमा पुल निर्माण कार्य भएको हुनेछ । विस्तृत सर्वेक्षण भएका कम्तीमा २ वडा झोलुङ्गे पुल निर्माण हुनेछन । अन्य छोटो र लामो पुलको पहिचान गरी झोलुङ्गे पुलको सर्वेक्षण प्रारम्भ हुनेछ ।

४२ नगरस्थित खेतीयोग्य भूमीमा साना सिंचाईको माध्यमबाट हिउदे र वर्षायामको सिचाई सुविधा अधिकांश स्थानमा सम्पन्न भएको हुनेछ ।

४३ नगरस्थित सरकारी भवन निर्माणको लागि जग्गाको व्यवस्थापन र श्रोतको खोजी तर्फ आवश्यक पहल गरिएको हुनेछ ।

४४ नगरस्तरमा फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साईटको निर्माण भइ फोहोर संकलन गरि ब्यबस्थापन गर्नका लागि आबश्यक सबारी साधनको ब्यबस्था भएको हुनेछ ।

४५ नगरका उपयुक्त स्थानहरुको छनौट गरी लोपोन्मुख जातीको पहिचान गरी संघ र प्रदेश सरकारको समन्वयमा जनता आवास कार्यक्रम थप विस्तार भएको हुनेछ ।

४६ नगरस्थित साना जलविद्युत, माईक्रोहाइड्रोबाट उत्पादित विद्युतलाई केन्द्रीय प्रसारणमा आवद्ध गराउन सरोकारवालासँग सम्पर्क र समन्वय प्रभावकारी वनाउदै आवश्यक पर्ने न्युनतम उपकरण तथा जनशक्ति व्यवस्थापन भएको हुनेछ । साथै नविकरणीय उर्जाको प्रवर्द्धन र विकास भएको हुनेछ। सवै वडाहरुमा फलामे पोलबाट विद्युतिकरण कार्य व्यवस्थित गरिएको हुनेछ । नगरपालिकाको केन्द्र कुस्मीसेरा बजारमा सौर्य सडक वत्तीको कार्यन्वयन प्रक्रिया अगाडी बढेको र नपा केन्द्रको सम्भावित अन्य स्थानमा थप विस्तार गरिएको हुने छ ।

४७ सूचना र संचारको क्षेत्रलाई जनताको अधिकारसँग जोडी सहज र सरल सूचना प्राप्त भएको अनुभूति हुनेछ। नगरकेन्द्रका वडाहरुमा लेण्डलाईन टेलिफोनको विस्तार गरिनेछ र ईन्टरनेटमा सवै नगरवासीको पहुंच पुगेको हुनेछ।

४८ नगरपालिकाका वनजंगलको संरक्षणमा वन व्यवस्थापन समिति सक्रिय बनेका हुनेछन ।

४९ वनलाई आय आर्जनको श्रोतको रुपमा विकास गर्न विभिन्न चेतनामुलक कार्यक्रम सन्चालन हुनेछन। वन क्षेत्रमा अलैंची, अम्रिसो, डालेघाँस जस्ता उपयोगी विरुवाहरुको रोपण भएको पाईनेछ।

५० घर आँगन टोल र सडक सफा राख्ने घरलाइ पुरस्कृत गरिएको हुने छ।

५१ नगरस्तरमा २ वटा नर्सरी स्थापना भैसकेका छन्। आगामी बर्ष विस्तार र व्यवस्थित भएका हुनेछन ।

५२ पहिरो र भूक्षय, नदीकटानको समस्या समाधानका लागि चेतनामुलक कार्यक्रम संचालन भई वृक्षारोपणको कार्य वढेको पाईनेछ।

५३ राशायनिक मल र विषादिको प्रयोग घटेर प्राङ्गारिक मलको प्रयोग वढेको पाईनेछ।

५४ नगरपालिकास्थित विभिन्न वडाहरुमा रहेका विभिन्न पोखरीहरुको संरक्षणको कार्य भएको हुने छ ।

५५ प्राकृतिक श्रोतको उपयोग गर्नु पूर्व IEE गरेर मात्र शुरु गरिनेछन ।

५६ नगरस्तरमा विपद व्यवस्थापन समिति सकृय हुनेछ र विपद व्यवस्थापन कोष प्रयोगमा आउनेछ।

५७ नगरपालिका र प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्र राखिएको छ। वडापत्रको माध्यमबाट नागरिकहरुले सूचनाको अधिकार प्राप्त गर्नुका साथै सेवा प्रवाहमा सहज भएको महशुस गर्नेछन ।

५८ नगरपालिकाको काम कारवाही र सेवा प्रवाहको सम्बन्धमा प्राप्त गुनासा र उजुरीहरुलाई व्यवस्थित गर्दै गुनासो अभिलेखन तथा व्यवस्थापन प्रभावकारी भै शुसासनको अनुभूति भएको हुनेछ।

५९ नगरपालिकाका गतिविधिहरुलाई मासिक, त्रैमासिक रुपमा सूचना पाटी, वुलेटिन र वेभसाईटको माध्यमबाट निरन्तर प्रकाशन भएका हुनेछन।

६० कर्मचारीहरुको व्यवशायिकताको विकास गर्न कार्यसम्पादन करार, कार्यविवरण, कार्यसम्पादन मुल्याङ्कन, दण्ड र पुरस्कारको व्यवस्था प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याईएको हुनेछ।

६१ संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी कर्मचारीको उपयुक्त संख्या र जिम्मेवारी प्रदान गरिएको हुनेछ।

६२ आन्तरिक तथा बार्षिक लेखापरीक्षण, सार्वजनिक परीक्षण, सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता कार्यहरुको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

६३ नगरपालिकाको संस्थागत विकासको लागि कर्मचारीहरुको कार्यविवरण, पदाधिकारी तथा कर्मचारीहरुको आचारसंहिता, संगठन विकास अध्ययन, क्षमता विकास योजना निर्माण गरी लागु भएको हुनेछ ।

६४ कर्मचारी र पदाधिकारीहरुको क्षमता विकासको लागि तालिम, गोष्ठी, सेमिनार संचालनका अतिरिक्त अध्ययन अवलोकन भ्रमण भएको हुनेछ ।

६५ उधमी ब्यबसायिक कृषक, ब्यबसायिक दुग्ध तथा मासु जन्य कृषक, सिप आर्जन गर्ने व्यक्तिहरु समेतको लागि तालिम र क्षमता अभिबृधि कार्यक्रम समाबेश गरि आय बृद्धि भएको हुनेछ।

६६ सुकुम्बासी समेतका कार्यक्रम व्यवस्थित गर्दै निरन्तर भएका हुनेछन।

६७ जैमिनी - ६ सुम्सा देखि सुरु भएको पर्यटकिय पैदल मार्गलाई प्रदेश सरकार सँग समन्वय गरि निरन्तरता दिइएको हुने छ ।

६८ प्रधानमन्त्रि रोजगार कार्यत्रमबाट कम्तिमा ५०० जनाले अल्पकालीन रोजगार प्राप्त गरि विकास निर्माणमा सहयोग पुऱ्याएका हुने छन ।

६९ गण्डकी प्रदेश र ५ नं. प्रदेशको सिमा धुसमा पर्यटकीय प्रवेश द्वार निमार्णको कार्य प्रारम्भ गरिएको हुने छ ।

## बजेट तर्जुमाका आधारहरु :-

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कूनन तथा मापदण्डहरु
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४
- उपलब्ध स्रोत साधन
- विकासका अन्तर सम्बन्धित विषयहरु
- नगरपालिकाले चालु आ.व.को कार्यसम्पादनबाट सिकेका महत्वपूर्ण सिकाईहरु
- सहभागितामूलक योजना तर्जुमा प्रकृयाबाट प्राथमिकता प्राप्त भई आएका योजना तथा कार्यक्रमहरु
- नगरपालिकाबाट आगामी आ.व.२०७६।७७ का लागि प्रस्तुत नीति तथा कार्यक्रमहरु

## बजेट तर्जुमा विधि :-

- राजस्व परामर्श समितिबाट राजस्वको श्रोत, दायरा र दर समेतको विश्लेषण गरी राजस्वको अनुमान र दर सिफारिस ।
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आन्तरिक र अन्य स्रोतको अनुमान गरी वडागत र विषय क्षेत्रगत सीमा र मार्गनिर्देशन तयार ।
- सहभागितात्मक योजना तर्जुमा पद्धति अवलम्बन गरी टोल, समुदाय, वस्ती तथा वडास्तरबाट जनप्रतिनिधि मार्फत योजना तथा कार्यक्रमको छनौट र प्राथमिकीकरण ।
- नगरस्तरीय वहुसरोकारवालासँगको छलफल, गोष्ठी र राजनैतिक दलको अन्तरर्क्रियाबाट प्राप्त सुझाव र सल्लाह ।
- नगर स्तरीय विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति हुदै कार्यपालिका वैठक बाट भएका निर्णहरु ।

**योजना तथा कार्यक्रम प्राथमिकताका आधारहरु :-**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने,
- स्थानीय सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैंगिक समानता र सामाजिक समावेशीकरणको अभिबृद्धि गरि मूल प्रवाहमा ल्याउने ।
- दीगो विकास, वातावरणीय संरक्षण तथा प्रवर्द्धन गर्न सघाउ पुर्‍याउने,
- भाषिक तथा सास्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्‍याउने,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु

**आदरणीय नगरप्रमुख महोदय,**
**नगर सभा सदस्य ज्यूहरु**

अब म जैमिनी नगरपालिकाको गत आ.व. २०७४।७५ र चालु आ.व.२०७५/७६ को समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. आ.व. २०७४/७५ मा वित्तिय समानीकरण अनुदान तर्फ प्राप्त जम्मा अनुदान तर्फ रु १८६१००० मध्ये चालु तथा पूजीगत शिर्षमा रु १३६३३८९५०।३४ यथार्थ खर्च भई चालु आ.व. २०७५/७६को लागि रु ४,९६,२२,०४९।६६ चार करोड छयानन्बे लाख बाइस हजार उन्ननपचास रुपैया छैसठी पैसा मात्र जिम्मेवारी सर्न आएको छ ।

२ चालु आ.व. २०७५।७६ मा यस नगरपालिकालाई विभिन्न कार्यक्रम र शिर्षकमा सशर्त अनुदान तर्फ प्राप्त रु.२७,११,००,०००। सत्ताइस करोड एघार लाख मध्ये हालसम्म रु २३,८९,६१,४४५|८१ तेइस करोड उन्नाननब्बे लाख एकसठ्ठी हजार चार सय पैतालिस रुपैया एकासी पैसा मात्र खर्च भैसकेको छ । चालु आ.व.को आषाढ मसान्तसम्म लक्ष्य अनुसारको खर्च हुने अनुमान छ ।

३ चालु आ.व. २०७५/७६ का लागि चालु तर्फ रु ७,९७,६०,०००। सात करोड सन्तानब्बे लाख साठी हजार मात्र र पूजी गत तर्फ रु १६,३४,५०,१४३|६६ सोह्र करोड चालिस लाख पचास हजार एक सय त्रिचालिस रुपैया छैसठ्ठी पैसा मात्र आय अनुमान गरिएकोमा चालु आ.व. को जेठ मसान्त सम्ममा चालु तर्फ ३,०९,१६,४०३ तिन कारेड नौ लाख सोह्र हजार चार सय तिन मात्र । पूजिगत तर्फ रु १०,७१,५५,५२२ दश करोड एकहत्तर लाख पचपन्न हजार पाँच सय बाइस रुपैया मात्र खर्च भै सकेको छ । विनियोजित बजेट मध्ये यस आ.व.को आषाढ मसान्त सम्ममा चालु तथा पुजिगत दुवै शिर्षकमा खर्च भइ बाँकी हुने याथार्थ मौज्दात आषढ मसान्त पछि प्राप्त हुनेछ । जुन रकमलाई आगामी आ.व.को आय अनुमानमा प्रस्ताव गरेको छु ।

४ चालु आ.व.को लागि आन्तरिक आय तर्फ प्रस्ताव गरिएको रु ५०,००,०००। चालु आ.व.को अन्त्य सम्ममा लक्ष्य प्राप्त हुने अपेक्षा गरिएको छ ।

**आदरणीय नगरप्रमुख महोदय,**
**नगर सभा सदस्य ज्यूहरु**

अव म आगामी आर्थिक वर्ष २०७६।७७ का लागि बजेटका प्राथमिकता र आय व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१ आगामी आर्थिक वर्ष २०७६।७७ का लागि राजस्व र करका दरहरु फराकिलो बनाउदै रु.५२,१०,०००। बाउन्न लाख दश हजार रुपैया मात्र आम्दानी हुने अनुमान गरेको छु ।

२ आगामी आ.व.देखि सम्पत्ति कर अनिवार्य गरेकोछु । आन्तरिक आयको लागि यो क्षेत्रमा सम्पूर्ण जैमिनीवासीहरुको उत्साहजनक सहभागिताको लागि अपेक्षा गरेकोछु ।

३ जैमिनी नगरस्तर र वडास्तरमा समेत जैमिनीको गौरव झल्किने आयोजनाहरु प्रस्तावित गरी कार्यान्वयन गर्न बजेट प्रस्ताव गरेकोछु ।

४ जैमिनी नगरको पहिचान कायम गर्न ५ नं. प्रदेशबाट प्रवेश गर्ने मुख्य नाकामा प्रवेशद्वार निर्माण गर्न बजेट प्रस्ताव गरेको छु ।

५ कृषि र पशुपालनको क्षेत्रलाई विशेष महत्वका साथ बजेट विनियोजन गरेको छु ।

५ प्रविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६ **“नगर प्रमुख वातावरण मैंत्री कृषि वडा नमुना कार्यक्रम”** र **“समानुपातिक, निरन्तर समग्र विकास कार्यक्रम”को** लागि बजेट विनियोजन गरेकोछु ।

७ नीति तथा कार्यक्रमले उच्च महत्व दिएका विषयहरुलाई आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासका क्षेत्रमा आवश्यकता अनुसार बजेट विनियोजन गरेकोछु ।

८ संघीय सरकार र प्रदेश सरकारसँग मौज्दात कोषहरुको रकमलाई नगरपालिकासँगको साझेदारीमा कार्यान्वयन गर्न समपुरक कोषमा प्रयाप्त बजेट विनियोजन गरेकोछु ।

९ नगर क्षेत्रको आवशयकता लाई ध्यानमा रखी विपद व्यवस्थापन कोष, वडागत मर्मत सम्भार कोष, उपभोक्ता सझेदारी कोष स्थापना गर्न वजेटको व्यवस्था गरेको छु ।

१० विकासमा जनसहभागिता सुनिश्चता गरी विकास निर्माणमा जनताको अपनत्व विकास गर्न नगरपालिकाले सन्चालन गर्ने प्रबर्द्धनात्मक कार्यक्रम वाहेक अन्य पुजी निर्माणका कार्यक्रममा उपभोक्ता समितिको नगद एवं श्रम तथा वस्तुगत सहभागिता हुने अनुमान गरिएको छ ।

११ प्रस्तावित वचत बजेटका सिद्धान्तका आधारमा तयार गरिएको व्यहोरा जानकारी गराउदछु ।

**आदरणीय नगरप्रमुख महोदय,**
**नगर सभा सदस्य ज्यूहरु**

अव म आगामी आर्थिक वर्ष २०७६।७७ को  आय र व्ययको अनुमान प्रस्तुत गर्दछु ।

## ***आय अनुमान तर्फ***

१. चालु वर्ष २०७५।७६ बाट खर्च नभई मौज्दात हुने रु.२,६७,००,०००। दुइ करोड सठ्सठ्ठी लाख रुपैया मात्र ।

२. संघीय सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तरगत प्राप्त हुने समानीकरण अनुदान रु.११,५६,००,०००। एघार करोड छपन्न लाख रुपैया मात्र ।

३. संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड शिर्षकमा प्राप्त हुने अनुदान रु.८,७४,००,०००। आठ करोड चौरहत्तर लाख रुपैया मात्र ।

४. प्रदेश सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तर अन्तरगत प्राप्त हुने समानीकरण अनुदान रु.१,२३,६९,०००। एक करोड तेइस लाख उन्ननसत्तरी हजार रुपैया मात्र ।

५. प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड शिर्षकमा प्राप्त हुने अनुदान रु.४३,२६,०००। तिरचालिस लाख छब्बिस हजार रुपैया मात्र ।

६. नगरपालिकाको विभिन्न शिर्षकमा आन्तरिक आयबाट प्राप्त हुने रकम रु.५२,१०,०००। वाउन्न लाख दस हजार रुपैया मात्र ।

७. संघीय सरकार/प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु.२६,६३,००,०००। छब्बिस करोड, त्रिसठ्ठी लाख रुपैया मात्र ।

८. प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु.१,००,००,०००। एक करोड रुपैया मात्र ।

कुल जम्मा आय रु.५२,७९,०५,०००। बाउन्न करोड उन्नानअसी लाख पाँच हजार रुपैया मात्र ।

## व्यय तर्फ रु

१. संघीय तथा प्रदेश सरकार बाट प्राप्त विभिन्न विषयगत क्षेत्रहरु शिक्षा, कृषि, पशु, स्वास्थ्य, झोलुङ्गे पुल, रोजगार प्रर्वदन कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, जैमिनिधाम कुश्मिसेरा सडक कालोपत्रे तर्फ सशर्त अनुदानमा खर्च हुने जम्मा रु.२७,६३,००,०००। सत्ताइस करोड, त्रिसठ्ठी लाख रुपैया मात्र ।

२. नगरपालिकाको चालु तर्फ विभिन्न शिर्षकमा खर्च हुने रु.९,००,००,०००। नौ करोड, रुपैया मात्र ।

३. नगरपालिकाको पुजिगत तर्फ तपसिलका शिर्षकहरु

समपुरक कोष रु. २,००,००,०००। दुइ करोड रुपैया मात्र ।

आर्थिक क्षेत्र रु.९८,००,०००। अन्ठानब्बे लाख रुपैया मात्र ।

- कृषि तर्फ रु ७०,००,०००।
- पर्यटन तर्फ रु २०,५०,०००।
- उद्योग तथा बाणिज्य तर्फ रु ५,००,०००।
- सहकारी तथा वित्तिय व्यवस्थापन तर्फ रु २,५०,०००।

सामाजिक विकास क्षेत्र रु.१,२२,००,०००। एक करोड बाइस लाख रुपैया मात्र ।

- शिक्षा तर्फ रु ६२,००,०००।
- स्वास्थ्य तर्फ रु ३०,००,०००।
- खानेपानी तथा सरसफाइ तर्फ रु ७,००,०००।
- संस्कृति प्रवर्द्धन तर्फ रु १०,००,०००।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रु १३,००,०००।

पूर्वाधार विकास क्षेत्र रु. ४,४१,००,०००। चार करोड एकचालिस लाख रुपैया मात्र ।

- अत आ.व.को क्रमागत दिगो सडक तर्फ रु १,३०,००,०००।
- सिचाई पाइप खरिद तर्फ रु ७,००,०००।
- भवन तथा शहरी विकास तर्फ रु १५,००,०००।
- उर्जा लघू तथा साना जलविद्युत तर्फ रु ३,००,०००।
- संचार तर्फ रु ३,००,०००।
- घर विहिनहरुको लागि आवास कार्यक्रम तर्फ रु ५५,००,०००।

- लागत सहभागितामा सडक तथा नाली कालोपत्रे (६०/४०) तर्फ रु २५,००,०००।
- सडक सौर्य बत्ति कार्यक्रम तर्फ रु ३,००,०००।
- अर्थिङ टावर निर्माण तर्फ रु ३,००,०००।
- झोपु हेरालु पारिश्रमिक तर्फ रु २,००,०००।
- नगरपालिकाका विभिन्न वडाका केन्द्र तथा विभिन्न बस्ती जोड्ने सडकको नया ट्याक खोल्न रु ८०,००,०००।
- नगरस्तरका अन्य अति अवश्यक सडक रु ३५,००,०००।
- सिंचाइ कुलो व्यवस्थापन रु ३०,००,०००।
- JCB मेसिन खरिद ५०,००,०००।

वातावरण तथा विपद व्यवस्थापन क्षेत्र रु.४९,००,०००। उन्पचास लाख रुपैया मात्र ।

- वन तथा भुसंरक्षण जलउत्थान प्रकोप रु ५,००,०००।
- जलाधार संरक्षण जलवायु र वृक्षारोपण रु ३,००,०००।
- तार जाली खरिद रु २४,००,०००।
- फोहोरमौला व्यवस्थापन रु २,००,०००।
- ल्याण्डफिल साइट पुर्वाधार निर्माण तर्फ रु १५,००,००।

सुशासन तथा संस्थागत विकास तर्फ रु. ४९,००,०००। उन्पचास लाख रुपैया मात्र ।

- मानव संसाधन विकस तर्फ रु २,००,०००।
- संस्थागत क्षमता विकास अध्यायन अवलोकन तर्फ रु ७,००,०००।
- राजस्व परिचालन तर्फ रु ५,००,०००।
- सार्वजनिक सुनुवाइ तर्फ रु ३,००,०००।
- सामाजिक परिक्षण तर्फ रु १,००,०००।
- वेरुजु फछ्र्यौट तफ रु १,००,०००।
- सेवा प्रवाहका लागि मापदण्ड निर्धारण गुणस्तर अभिवृद्धि तर्फ रु २,००,०००।
- सेवा प्रवाहमा विद्युतिय सुचना प्रविधिको प्रयोग तफ रु ३,००,०००।

- नागरिक सन्तुष्टी सर्वेषण पत्र पत्रिका एफ एम तर्फ रु ४,००,०००।
- अर्न्तर निकाय समन्वय तर्फ रु १,००,०००।
- नगर गुरुयोजना निर्माण रु १५,००,०००।
- न्याय सम्बन्धि प्रशिक्षण तालिम रु ३,००,०००।
- नगर प्रोफाइल तर्फ रु २,००,०००।

समानुपातिक निरन्तर समग्र विकास कार्यक्रम रु. ६१,००,०००। एकसठ्ठी लाख रुपैया मात्र ।

वडागत वजेट रु. ४,१६,००,०००। चार करोड सोह्र लाख रुपैया मात्र ।

सवारी साधन व्यवस्थापन रु. ३६,००,०००। छत्तिस लाख रुपैया मात्र ।

अगैसस गैसस सहकार्य रु २४,००,०००। चौविस लाख मात्र ।

वडामा भएको मर्मत सम्भार कोष रु ५०,००,०००। पचास लाख मात्र ।

भवन तथा जग्गा व्यवस्थापन रु ४६,०५,०००। छियालीस लाख पाच हजार ।

**पुजिगत तर्फ जम्मा रु. १६,१६,०५,०००। सोह्र करोड सोह्र लाख पाँच हजार रुपैया मात्र ।**

**कूल जम्मा रू.५२,७९,०५,०००।**

**बाउन्न करोड, उन्नानअसी लाख पाच हजार रूपैया मात्र**

उपरोक्त अनुसार जैमिनी नगरपालिकाको आगामी आर्थिक वर्ष २०७६।७७ को  लागि आय तर्फ कुल जम्मा रु.५२,७९,०५,०००। बाउन्न करोड, उन्नानअसी लाख पाँच हजार रुपैया मात्र र व्यय तर्फ कुल जम्मा रु. रु. ५२,७९,०५,०००। बाउन्न करोड, उन्नानअसी लाख पाँच हजार रुपैया मात्र प्रस्ताव गरेको छु । उल्लेखित बजेटमा गैरसरकारी क्षेत्रको बजेट समावेश गरिएको छैन । माथिका शिर्षकहरुको शिर्षकगत खर्चको विस्तृत विवरण र गैरसरकारी संघसंस्थाको वजेट तथा कार्यक्रम आगामी आ.व.२०७५।७६ को बार्षिक नगर विकास योजनाको पुस्तिकामा समावेश गर्ने गरी व्यवस्था मिलाएको छु । आगामी आ.व.मा नगरपालिका बाट लगाईने कर, शुल्क, दस्तुरका लागि तयार गरिएको आर्थिक ऐन २०७६ र प्रस्तावित बजेटलाई खर्च गर्नका लागि विनियोजन ऐन २०७६ स्वीकृतिका लागि पेश गरेको छु ।

प्रस्तावित बजेटलाई वडास्तरबाट प्राप्त मागहरुको प्राथमिकता र आवश्यकताको आधारमा महत्वपूर्ण सल्लाह र सुझाव सहित शिर्षकगतरुपमा छलफल गरि पारित गर्नुहुने विश्वास लिएको छु ।

बजेट आफैमा तथ्यमा आधारित अनुमान हो । यसको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लै प्रयास मात्र सम्भव छैन । तसर्थ राजनैतिक दल, सम्पूर्ण संघसंस्था तथा सम्पूर्ण नगरवासीहरुको सामुहिक प्रयासबाट मात्र यो सम्भव छ । समग्र जैमिनी नगरको विकासबाट समृद्धि प्राप्तिको लक्ष्यलाई ठोस रुपमा अगाडि वढाउदै तर्जुमा भएका योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी र वैज्ञानिक कार्यान्वयन गर्न सवै तिरबाट यथोचित सहयोग हुनेछ भन्ने पूर्ण विश्वस्त छु । प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, नगरस्थित क्रियाशिल राजनितिक दलहरु, आम सञ्चार जगत, नागरिक समाज, नगरबासी दाजुभाई तथा दिदी वहिनीहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । जैमिनीको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, दातृ निकाय, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म जैमिनी नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तररुपमा प्राप्त हुनेछ भन्ने विश्वास गर्दछु ।

# धन्यवाद ।